## विकलाङ्ग मित्र समूह
## अपाङ्ग वाल अस्पताल तथा पुनर्स्थापन केन्द्र



### अपाङ्गता भएका बालबालिकालाई हुन सक्ने
# बाल दुर्व्यवहार पहिचान तथा रोकथाम सम्बन्धी
### स्व-अध्ययन सामग्री

**(समुदायमा कार्यरत कर्मचारीहरुका लागि)**

**२०१८**

शारीरिक अपाङ्गता भएका बालबालिकाहरु अन्यको दाँजोमा धेरै हिसाबले बढी जोखिममा छन् । शारीरिक रुपमा अपाङ्गता भएका बालबालिकाहरु माथि विभिन्न खाले दुर्व्यवहारहरु भैरहेको हुनसक्छन् । तिनीहरुको सहि पहिचान गर्न सकेको खण्डमा दुर्व्यव्यवहारको अन्त्य गर्ने मात्र होइन त्यसले अपाङ्गता भएका बालबालिकाको जीवनमा पर्ने असरहरु न्यूनीकरण गर्न ठुलो मदत मिल्ने आशाका साथ समुदाय मै रहेर काम गर्ने कर्मचारी, स्वयंसेवक र अन्य सम्बन्धित सबैलाई लक्षित गरेर **बाल दुर्व्यवहार पहिचान गर्न र त्यसको रोकथाम तथा उपचारको** लागि उपयुक्त निकास दिन सहयोग मिल्ने गरी यो पुस्तिका तयार गरिएको हो ।

**© अपाङ्गता भएका बालबालिकालाई हुन सक्ने बाल दुर्व्यवहार पहिचान तथा रोकथाम सम्बन्धी स्व–अध्ययन सामग्रीको सर्वाधिकार प्रतिलिपि अधिकार ऐन २०५९ तथा नियमावली २०६१ अनुसार विकलाङ्ग मित्र समूह/अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापन केन्द्रमा निहित छ र अनुमतिमा मात्र यस्को अंश तथा पुन:प्रकाशन गर्न पाइनेछ ।**

## Our vision

| | |
|---|---|
| Creating an inclusive, compassionate and caring society, in which children with physical disability enjoy equal opportunities and optimum quality of life. | समावेशी, सुझबुझपूर्ण तथा जिम्मेवार समाजको श्रृजना जहाँ शारीरिक अपाङ्गता भएका बालबालिकाले समान अवसरका साथ गुणात्मक जीवन जिउँछन् । |

## Our Mission

| | |
|---|---|
| Ensure equitable access to quality of life through appropriate interventions and enabling environments, for children with physical disability | उपयुक्त उपचार तथा वातावरणीय सबलीकरणद्वारा शारीरिक अपाङ्गता भएका बालबालिकाको गुणात्मक जीवनका लागि समतामूलक पहुँच सुनिश्चित गर्ने । |

## Values and Principles

| Values / Principles | मान्यता र सिद्धान्तहरु |
|---|---|
| 1. Compassionate care with quality 'state-of-the-art services.<br>2. Support and promotion of enabling environments for social and economic re-integration<br>3. Promotion of transparency and accountability<br>4. Adherence to the fundamental principles of human rights and HRDC's approach base<br>5. Adopting balanced approach to transparency and rights to information<br>6. Ensuring partnership and alliances at all levels including duty-bearers (government stakeholders)<br>7. Rights-holder's community, service providers: NGO, INGOs, DPOs<br>8. Respecting for confidentiality<br>9. Adherence to principles of child protection and safeguarding<br>10. Regularizing appraisals/monitoring and evaluation and feeding back to improve services<br>11. Respecting equity and diversity. | १) उच्चस्तरको सुझबुझपूर्ण सेवा<br>२) सामाजिक आर्थिक एकीकरणका लागि सहयोगी वातावरण श्रृजनामा सहयोग<br>३) पारदर्शिता र जिम्मेवारीलाई सम्वृद्व गन<br>४) मानव अधिकार र सामाजिक सुरक्षाका आधारभूत सिद्धान्तको अवलम्वन<br>५) पारदर्शिता र सूचनाको अधिकारमा सन्तुलन<br>६) सरोकारवालाहरुसँग साझेदारी तथा सञ्जालीकरण गर्ने<br>७) गोपनियताको सम्मान गर्ने<br>८) बाल संरक्षण नीति अपनाउने<br>९) आवधिक लेखाजोखा गरी सेवामा सुधार ल्याउने<br>१०) समभाव र विविधताको सम्मान गर्ने |

The HRDC is a quiet oasis where disabled children can comfortably rest and receive the specialized treatment they so desperately need.

## विषयसूची:


भूमिका........................................................................................................३

पुस्तिकाको प्रयोग बारेमा....................................................................................३
बाल दुर्व्यव्यवहार भनेको के हो ?......................................................................३

बाल दुर्व्यव्यवहारको पहिचान कसरी गर्ने ......................................................................५

बालबालिकामा दुर्व्यवहार भएमा के के परिणाम हुन्छ ? ................................................७

कस्तो परिवारमा बाल दुर्व्यवहार बढी हुनसक्छ ..........................................................८

कस्तो व्यक्तिले दुर्व्यवहार बढी गर्न सक्छ ..................................................................८

बाल दुर्व्यवहार न्यूनीकरण गर्न वा हटाउन तपाईले के के गर्नसक्नु हुन्छ ?..........................९

घुम्ती स्वास्थ्य शिविरमा बालसंरक्षण सम्बन्धी सचेतना जगाउन  के के गर्न सकिन्छ ?..............१०

## भूमिका

विकलाङ्ग मित्र समूह/अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापन केन्द्र शारीरिक अपाङ्गता भएका बालबालिकाको पुनर्स्थापनाको क्षेत्रमा अग्रिणी संस्था हा । यसले विगत लामो समय देखि जिल्लाका बिभिन्न समुदायहरुमा शारीरिक अपाङ्गता भएका बालबालिकाहरुको पहिचान गर्ने र पुनर्स्थापनाका लागि आवश्यक सम्पूर्ण उपचार, त्यसको अनुगमन र समुदायमा आधारित पुनर्स्थापन गरिरहेको नै छ । यसरी पुनर्स्थान गर्नु नै बालअधिकार संरक्षणको एक महत्वपूर्ण पक्ष हो । तर शारीरिक अपाङ्गता भएका बालबालिकाहरु अन्यको दाँजोमा धेरै हिसाबले बढी जोखिममा छन् । त्यसैले, उनीहरुको सामाजिक संरक्षणको साथै सहज रुपमा समावेशीकरण गर्न सक्षम बनाउन उनीहरु माथि हुन सक्ने सबै खाले दुर्व्यव्यवहारको अन्त्य गर्नु जरुरी हुन्छ ।

बालबालिका त्यसमा पनि शारीरिक रुपमा अपाङ्गता भएका बालबालिकामाथि हाम्रो समाजमा विभिन्न खाले दुर्व्यव्यवहारहरु भैरहेको हुनसक्छन् । तिनीहरुको सहि पहिचान गर्न सकेको खण्डमा दुर्व्यव्यवहारको अन्त्य गर्ने मात्र होइन त्यसले अपाङ्गता भएका बालबालिकाको जीवनमा पर्ने असरहरु न्यूनीकरण गर्न ठुलो मदत मिल्ने छ ।

त्यसैले,अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापन केन्द्रका समुदाय मै रहेर काम गर्ने कर्मचारी,स्वयंसेवक र अन्य सम्बन्धित सबैलाई बाल दुर्व्यव्यवहार पहिचान गर्न र त्यसको रोकथाम तथा उपचारको लागि उपयुक्त निकास दिन सहयोग मिल्ने गरी यो पुस्तिका तयार गरिएको हो।

## पुस्तिकाको प्रयोग बारेमा

यो पुस्तिकाले समाजमा हुने बाल दुर्व्यवहारका प्रकारहरू र त्यस्ता दुर्व्यवहारहरूलाई चिन्न सजिलो बनाउँछ । दुर्व्यवहारका प्रकार अनुसार बालबालिकामा पाइने लक्षण चिन्हहरूको बारेमा सविस्तार उल्लेख गरिएको हुनाले अपाङ्ग बालबालिकालाई गृहभेटमा जाँदा त्यस्ता लक्षण चिन्हहरू छन् छैनन ख्याल गर्नुहुनेछ र त्यस्तो पाइएमा तत्काल उद्दार तथा पुनर्स्थापन कसरी गर्ने भन्ने बारेमा पनि यो पुस्तिकामा उल्लेख गरिएको छ । यसले, बालबालिका त्यसमा पनि अपाङ्गता भएका बालबालिका माथि हुने दुर्व्यवहार रोक्न सक्छ । त्यसैगरी, घुम्ती शिविर संचालन गर्दा बाल संरक्षणसम्बन्धी चेतना कसरी जगाउने भन्ने विषय पनि समेटिएको छ। शिविरको ठाउँ र परिवेश हेरी यहाँ लेखिएका कुराहरू रचानात्मक ढंगले प्रयोग गर्न सक्नुहुने छ । यो एक स्व-अध्ययन समाग्री हो ।

## १.बाल दुर्व्यवहार भनेको के हो ?

बालबालिकालाई शारीरिक, मानसिक र भावनात्मक रुपमा चोट पुऱ्याउने कार्य जसले उनीहरुको समग्र विकास र उन्नतिमा प्रतिकुल असर गर्दछ बाल दुर्व्यवहारलाई चार समुहमा राख्न सकिन्छ ।

### क. शारीरिक दुर्व्यवहार

शारीरिक रुपमा चोट पटक लाग्ने गरी वा शरीरलाई असर पर्ने गरी गरिने व्यवहारहरु जस्तैः

- बालबालिकालाई आगोले पोल्नु,
- कुट्नु,
- हिर्काउनु,
- टोक्नु,
- समाएर बेस्सरी हल्लाउनु, फ्याँक्नु,
- बच्चालाई झटारोले हिर्काउनु,
- बाँध्नु, आदि

यस्ता प्रकृतिका जुनसुकै व्यवहारलाई शारीरिक दुर्व्यवहारमा राख्न सकिन्छ ।

## ख. यौन दुर्व्यवहार

बालबालिकालाई कुनै पनि यौनजन्य क्रियाकलापमा संलग्न गराउनु जस्तैः

- बालबालिकालाई अश्लिल (नग्न) चित्रहरु वा श्रब्यदृश्य सामग्री देखाउनु ।
- अश्लिल चित्र खिच्न वा भिडियो खेल्न प्रोत्साहित गर्नु वा दवाब दिनु ।
- यौन सम्पर्कको आशय राखेर म्वाई खाने, शरीर सुमसुमाउने, चलाउने गर्नु, यौनांग छुने चलाउने गर्नु वा गराउनु ।
- यौनजन्य सूचना, चित्र वा आशय भएका सन्देशहरु मोबाइल वा इमेल मार्फत पठाउने वा यौन जन्य भावना अभिब्यक्त हुने गरी फोन वार्ता गर्नु वा गराउनु ।
- यौनांग देखाई दिनु वा देखाउन दवाव दिनु आदि ।

---

बालबालिका माथि हुने दुर्व्यवहार विश्व कै ठुलो समस्या हो । तथ्यांकहरुले बताएअनुसार, १८ वर्ष पुग्दा सम्म ४ जनामा एक जना केटी र ६ जनामा १ जना केटा यौन दुर्व्यवहारको सिकार हुन्छन् । यस मध्ये १० जनामा १ जनाले मात्र यौन दुर्व्यवहार विरुद्ध उजुरी वा गुनासो गर्छन् । दुखलाग्दो कुरा, यौन दुर्व्यवहारमा पर्ने बालबालिका मध्ये पाँच जनामा एक जना ८ वर्ष भन्दा कम उमेरको हुन्छ । यौन दुर्व्यवहारखेप्ने बालबालिकाको सरदर उमेर ९ वर्ष छ । बालबालिकालाई यौन दुर्व्यवहार गर्ने मध्ये एक तिहाई आफन्त वा परिवारका सदस्य हुन्छन् । करीब आधा भन्दा बढी (५९५) दुर्व्यवहार गर्ने व्यक्तिलाई पिडितको परिवारले विश्वास गरेका हुन्छन् र परिवारलाई एकदमै विश्वास दिलाउन पीडकले हरेक प्रकारको भूमिका निर्वाह गर्छ ।

---

## ग. भावनात्मक दुर्व्यवहार

बालबालिकाको भावनामा चोट पुऱ्याउने कार्य जस्तैः

- बालबालिकालाई मान्छे नगन्ने
- गाली गर्ने
- होच्याएर र हेपेर बोल्ने

- मायारममता झल्कने व्यवहार नै नगर्ने
- खिसिट्युरी गर्ने
- अरुको अगाडी गाली गर्ने, नराम्रो कुरा गर्ने
- बोल्ने नदिने
- धम्काउने, थर्काउने
- इच्छा विपरीत कार्य गर्न बाध्य पर्ने ।

## घ. बेवास्ता गर्ने

बालबालिकालाई आवश्यक आधारभूत कुराबाट समेत वन्चित गराउने जस्तैः

- खानरलगाउन नदिने ।
- विरामी परेको बेला औषधि उपचार नगर्ने ।
- एकदमै फोहोर घरम ा बस्न बाध्य बनाउने ।
- चाडपर्व, पारिवारिक जमघटमा संलग्न नगराउने आदि ।

## २. बाल दुर्व्यवहारको पहिचान कसरी गर्ने ?

समुदयमा कार्यरत कर्मचारी वा स्वयंसेवकको महत्वपूर्ण जिम्मेवारी भनेको नै बाल दुर्व्यवहार हुन नदिनु हो र भइहालेमा त्यसको तत्काल पहिचान गरी सम्बन्धित सरोकारवालाहरुसँगको समन्वय र सहकार्यमा न दुर्व्यवहार रोक्न निर्णयाक भूमिका निर्वाह गर्ने हो । त्यसैले बालबालिका माथि कतै  दुर्व्यवहारत भएको छैन ? पहिचान गर्नुहोस् ।  तल लेखिएका लक्षण चिन्हहरूले दुर्व्यवहार चिन्न सजिलो हुनेछ ।

## क. शारीरिक दुर्व्यवहार  लक्षण वा चिन्हहरु

- बालबालिकाले बताएको कारणसँग नमिल्ने वा विनाकारण शरीरका विभिन्न भागमा निलडाम वा चोटपटकका चिन्हहरु
- चुरोटका ठुटाले शरीरका विभिन्न भागमा पोलेका घाउहरु
- हात, पेटी वा लौराले हान्दा लागेका चोटहरु
- विभिन्न प्रकारका चोटपटकहरु जस्तै कोही भरखर लागेका चोट त कोही पाक्न लागेका घाउहरु
- दाँत भाँचिएको अवस्था तर उपचार नै नगरेको
- बालबालिकाले शरीरमा छुन नदिने वा एकदमै डराउने
- घर वा विद्यालय वा जहाँ शारीरिक यातना भएको हो त्यस्तो ठाउँमा जान नमान्ने
- तर्सिएको वा सधै होसियारी अवस्थामा रहिरहेको
- मौसम अनुसारको कपडा लाउनु पर्नेमा त्यस्तो नभएको उदाहरणको लागि गर्मियाममा लामो बाहुला भएको कपडा लगाएको
- साथीभाईको समूहबाट अलग रहने गरेको

यी माथि उल्लेखित कुनै पनि लक्षण वा चिन्हहरु देख्नु भयो भने त्यो बालिका वा बालक शारीरिक दुर्व्यव्यवहारमा परेको हुन सक्छ ।

नोटः कुनै बालबालिका पोलेको वा अपाङ्ग नै हुने गरी हड्डी भाँचिएको अवस्थामा आएको छ भने त्यस्तो हुनुको कारण गहिरो र मसिनो गरी खोज्नुहोस् । कतै त्यो शारीरिक दुर्व्यव्यवहारको परिणाम त होइन ?

**ख. यौन दुर्व्यवहारका लक्षण चिन्हहरु**

यौन दुर्व्यव्यवहारमा परेका बालबालिकाहरुमा निम्न प्रकारका लक्षण चिन्हहरु हुन सक्छन्ः

- कुनै कारण बिना नै निश्चित व्यक्तिसंग एकदमै डराउने वा भेटघाट गर्न नै नखोज्ने हुनु ।
- बालबालिकाले लगाउने भित्रि कपडाहरुमा रगतको टाटाहरु देखिनु वा च्यातिएको हुनु ।
- यौनाङ्गको वरिपरि नीलडाम वा घाउहरु हुनु ।
- यौनाङ्गबाट रगत बगिरहेको हुनु ।
- यौनाङ्गमा भएको दुखाईका कारण हिड्न डुल्न वा उठबस गर्न कठिनाई हुनु ।
- यौनाङ्ग चिलाउनु, यौनाङ्गबाट गन्हाउने पानी आउनु ।
- १४ वर्ष भन्दा मुनिका बालबालिकामा यौनजन्य रोगहरु देखिनु वा गर्भवती हुनु ।
- अभिभावक वा साथीहरुका अगाडी कपड फेर्न नमान्नु ।
- घरबाट भाग्नु ।

---

**नोटः** यौन यौन दुर्व्यव्यवहारमा परेका बालबालिकाहरूमा माथि उल्लेखित कुनै पनि समस्याहरू देखिन पनि सक्छन । त्यसैले बालबालिकाहरूमा खिन्न भाव, छटपटाहट, नबोल्ने, दिक्क मान्ने, एक्लोपन रुचाउने भएको छ भने पनि यौनदुर्व्यवहार हुन सक्छ भनि शंका गर्नुपर्छ । तपाई त त्यहि समुदायमा बस्ने भएकोले यस्ता बालबालिकाहरू भएको परिवार र समुदायमा नजर लगाई राख्नु पर्छ ।

---

## ग. भावनात्मक वा मौखिक दुर्व्यवहारका लक्षण चिन्हहरू

- काम गर्दा केहि गल्ति हुन्छ कि भनेर चाहिने भन्दा बढी होसियार रहनु ।
- आत्मबल नै नहुनु वा कमजोर हुनु ।
- उदास हुनु, एक्लोपन रुचाउनु ।
- बोल्न समस्या हुनु वा भक भक गर्नु ।
- ढिलो सिक्नु, विद्यालयमा राम्रोसँग पढ्न नसक्नु ।
- अति अनुशासित वा धेरै नै कुरा वा नचाहिने कुराको खोजी गर्नु ।
- कारण बिना नै टाउको दुखने हुनु वा पेट दुख्ने हुनु ।
- आमा वा आभिभावक भन्दा टाढा रहेने वा संगै बस्न नरुचाउने हुनु ।
- साथीभाईसँग खेल्न नरुचाउनेरनचाहने हुनु आदि ।

नोटः भावनात्मक दुर्व्यवहारको असर दीर्घकालीन हुन्छ । मनोसामाजिक प्रभाव पर्छ । बालबालिकाको उन्नति र प्रगति र बौद्धिक बिकासमा नराम्रो असर पुऱ्याउछ ।

## घ. बेवास्ता वा उपेक्षा

उपेक्षामा परेका बालबालिकाहरुमा निम्नानुसारका लक्षण चिन्हहरू देखिन्छन्:

- सधैं फोहरी वा थोत्रो पुरानो मैलो कपडा लगाउनु
- एक्लै वा अन्य बालबालिकाको हेरचाहमा हुनु
- खानेकुरा दिदा धेरै खाने र पछि खानलाई भनेर खानेकुरा उबारेर बोक्ने गर्नु ।
- बिरामी हुँदा औषधि उपचार नपाउनु
- विद्यालय नआउने वा विद्यालयमा धेरै गयल हुने ।
- कमजोर दुब्लो, पातलो हुने ।

**याद राखौं**

१. वाल दुर्व्यवहार  शारीरिक वा देखिने मात्रै हुँदैन, भावनात्मक र मानसिक रुपमा आघात पुग्ने प्रकृतिका पनि हुन्छन् ।

२. खराब व्यक्ति वा गरिब परिवारले मात्र बाल दुर्व्यवहार गर्छ भन्ने कुरा भ्रम हो । जोसुकैले पनि दुर्व्यवहार गर्न सक्छ । अझ समाजमा उपलब्ध प्रतिष्ठित व्यक्ति वा धनी परिवारमा हुने दुर्व्यवहार गुपचुप रहन्छ ।

३. नचिनेको वा टाढाको व्यक्तिले मात्र बाल दुर्व्यवहार गर्छ भन्ने होइन सबै भन्दा नजिकको नातेदार वा छिमेकीले नै धेरै दुर्व्यवहार गर्ने गरेको पाईएको छ ।

४. बाल दुर्व्यवहारमा परेका वयस्कहरूले बाल दुर्व्यवहार गरेको पाईन्छ । र केहि भने असल आभिभावक मात्रै होइन, बाल दुर्व्यवहार बिरुद्धको अभियान कर्ता नै बन्न सक्छन् ।

## ३. बालबालिकामा दुर्व्यवहार भएमा के के परिणाम हुन्छ ?

१. सबै प्रकारका दुर्व्यवहारले बालबालिकामा गहिरो चोट पार्छ । शारीरिक यातनाको चोट भन्दा भावनात्मक वा यौन दुर्व्यवहार वा उपेक्षाले दिने चोट झन् गहिरो हुन्छ । जीवनभरको लागि प्रतिकुल परिणाम छोड्छ ।

२. बाल दुर्व्यवहारमा परेका बालबालिकाहरुले आभिभावक प्रतिको विश्वास गुमाएको हुन्छ । त्यसैले, बालबालिकाले अरुलाई पनि विस्वास गर्न सक्दैन । परिणाम तस त्यस्ता बालबालिकाहरूको

वयस्क जीवनमा असल सम्बन्ध विकास हुँदैनन् । अस्वस्थ र शंकालु सम्बन्धहरू मात्रै विकास हुन्छन् जसको करण आफु र आफ्ना नाता सम्बन्धका मानिसहरूलाई खुशी राख्न सक्दैनन ।

३. सधैभरी गाली गलौज वा भावनात्मक चोट बेहोरेर हुर्किएको बालबालिकाले आत्मबल गुमाउँछ । आफुलाई जहिले पनि महत्वहीन ठान्छ । हीनताबोधबाट ग्रसित हुन्छ । सानो प्रकृतिका काम गर्ने वा ठुलो काम गर्न सकिदैन भन्ने सोचको विकास हुन्छ ।

४. दुर्व्यवहार पीडित बालबालिकाले वयस्क हुँदा पनि आफ्नो भावनालाई सहि ढंगले अभिव्यक्त गर्न सक्दैन । त्यस्ता बलालिकहरुमा बयस्क हुँदा चिन्ता,उदासीनत वा रिसाहा प्रकारको व्यवहार देखापर्छ । उनीहरूमा मदिराको सेवन गर्ने वा कुलतमा फस्ने संभावना बढी हुन्छ ।

## ४. कस्तो परिवारमा बाल दुर्व्यवहार बढी हुनसक्छ ?

सबै खालका परिवारमा बाल  दुर्व्यवहार हुन्छ तर पनि निम्न अवस्थाका परिवारहरुमा बाल दुर्व्यवहार बढी हुने जोखिम हुन्छ ।

१. घरेलु हिंसा भइरहने परिवार वा श्रीमान् श्रीमती बिचको झगडा हुने वा पारिवारिक कलह हुने परिवारमा बालबालिकाहरु दुर्व्यवहार बढी हुने गरेको पाईन्छ ।

२. मदिराको अत्याधिक सेवन गर्ने वा लागु पदार्थको प्रयोग गर्ने परिवारहरूमा बालबालिकाहरू उपेक्षित हुने, शारीरिक यातना लगायतका दुर्व्यवहारमा पर्छन् ।

३. मानसिक रोगी वा समस्या भएका आभिभावक जो आफैलाई अरूले स्याहारसुसार गर्नुपर्ने अवस्था हुन्छन् , त्यस्ता आभिभावकहरूले आफ्ना बालबालिकालाई उचित स्याहार सुसार, माया ममता दिन नसक्ने मात्रै होइन बालबालिकालाई शारीरिक तथा मानसिक यातना पनि दिन सक्छन् ।

४. एकातिर अपाङ्गता भएका बालबालिकाहरु हुनु र अर्को तिर परिवारले सहयोग नगरेको अवस्थामा बालबालिका माथि दुर्व्यवहार हुन्छ किन भने यस्ता बालबालिकाहरू स्याहार सुसार गर्न समय खर्चनु पर्ने तर अभिभावकपाङ्गगता भएका बालबालिका हुनु र अर्को तिर परिवारले सहयोग नगरेको अवस्थामा बालबासिँग यथेष्ट समय हुँदैन ।

५. आभिभावक बन्ने शिप नै नभएका परिवार जस्तै सानो उमेरमा बच्चा जन्माएका आभिभावकहरू वा बाल दुर्व्यवहार भोगेर हुर्किएका वयस्कहरुले आफ्नो बालबालिका माथि दुर्व्यवहार गर्न सक्ने संभावना प्रबल हुन्छ ।

## ५. कस्तो व्यक्तिले दुर्व्यवहार बढी गर्न सक्छ ?

१. बालबालिका हुर्काउन सजिलो छैन । कसैलाई बालबालिका हुर्काउन ज्यादै झन्झट लाग्ने हुन्छ ऊ एकदम रिसाहा छस आफ्नो शरीरलाई नियन्त्रण गर्न सक्दैनस त्यस्तो व्यक्तिले बाल दुर्व्यवहार गर्ने जोखिम बढि नै हुन्छ ।

२. बालबालिकाबाट भावनात्मक रूपमा टाढा रहेको वा सम्बन्ध नै नभएको अनुभूति गर्ने व्यक्तिहरू जो बालबालिकाबाट टाढा रहन चाहन्छ त्यस्तो व्यक्तिले बालबालिका माथि दुर्व्यवहारमा गर्न सक्छ ।

३. बालबालिका दैनिक आवश्यकता पुरा गर्न नसक्ने अवस्थामा पुगेका आभिभावकहरू (जस्तै लत्ता कपडा, खानपिन, विद्यालयको शुल्क तिर्न असक्षम आदि) ले बालबालिकालाई दुर्व्यवहार गर्छन् ।

## ६. बाल दुर्व्यवहार न्यूनीकरण गर्न वा हटाउन तपाईले के के गर्नसक्नु हुन्छ ?

१. बालबालिका खास गरी अपाङ्गता भएका बालबालिकाहरू नै दुर्व्यवहारको सिकार हुने संभावना बढी हुन्छ । त्यसैले हरेक पटकको भेटघाटमा जाँदा बालबालिकाको अवस्था राम्ररी बुझ्ने र कुनै पनि दुर्व्यवहारका लक्षण छन् छैनन् बुझ्नु पर्छ । त्यसै गरी घर परिवार तथा समुदायका अन्य मानिसहरूसँग पनि भेटघाट गर्ने र बालबालिका माथि  हिंसा दुर्व्यवहार भए नभएको एकिन गर्नुपर्छ ।

२. यदी कसैलाई दुर्व्यवहार भएको एकिन भएमा दुर्व्यवहारमा परेको बालबालिकासँग व्यक्तिगत रूपमा भेट्ने र उसका कुराहरू राम्ररी सुन्ने, समानुभूत गर्ने मात्र नभई उचित पुर्नस्थापनको लागि तयारी गर्नु पर्छ । यसो गर्दा आफुलाई हुन सक्ने जोखिमको मूल्यांकन गरी स्थानीय बाल कल्याण समिति, स्थानीय सरकार, प्रहरीको सहयोग र सहकार्य जरुरी हुन सक्छ ।

३. यसका लागि पहिले आफ्नो क्षेत्रीय कार्यालयलाई खबर गर्नुहोस् । कार्यालयले पनि अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापन केन्द्रमा रहेको बाल संरक्षण इकाईलाई खबर / रिपोर्ट गर्नुपर्छ ।

४. क्षेत्रिय कार्यालय र बाल संरक्षण इकाईको समन्वयमा स्थानीय सरकार, बाल कल्याण समिति र बाल अधिकारको क्षेत्रमा कार्यरत संघ संस्थाहरुको सहयोगमा दुर्व्यवहारमा परेका बालबालिकालाई तत्काल उद्दार र पुनर्स्थापन गर्नुपर्छ ।

५. बाल दुर्व्यवहारमा हुनुको करण पत्ता लगाई बाल दुर्व्यवहार गर्ने परिवारका सदस्यहरूलाई आफु र उसका आफन्तजन समाजमा रहेका भद्र भलादमी र त्यो परिवारले विश्वास गर्ने परिवार वा व्यक्तिहरु मार्फत बाल दुर्व्यवहारका बेफाइदा र गर्न नहुने बिषयमा आवश्यक मनोबिमर्श, सहयोग र सल्लाह सुझाव दिनुपर्छ ।

६. स्थानीय सरकार मार्फत कानुनी कारबाही वा सहयोगको लागि पहल गर्ने र उनीहरूको रोहबरमा बाल दुर्व्यवहार हुन नदिन निगरानीको ब्यबस्था पनि गर्नु पर्छ ।

७. बाल दुर्व्यवहार गर्ने परिवारका सदस्यहरुलाई अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापन केन्द्रमा बिरामीको अनुगमनमा आउँदा पनि बिशेष चासो दिएर बाल दुर्व्यवहार रोक्न मनोविमर्श र सहयोग गर्नु पर्छ ।

८. कुनै पनि बालबालिका दुर्व्यवहारमा पर्न सक्छ भन्ने हेक्का राखेर हरेक पटकको भेटघाटमा बाल दुर्व्यवहार गर्न नहुने र गरेमा यसको परिवार, बालबालिका, समाज र सिंगो राष्ट्रलाई पर्ने अप्ठयारो र असर प्रति सचेत गराउनु पर्छ ।

नोटः  तपाईलाई लाग्न सक्छ कि कसैको पारिवारिक मामिलामा किन कुरा उठाउने वा अर्कासंग किन मनमुटाव बढाउने भन्ने । तर बाल दुर्व्यवहार परिवारको मात्र मामिला होइन यसले बालबालिकाको भविष्य डामाडोल बनाई दिन्छ । यसर्थ तपाईले बाल दुर्व्यवहार रोक्न कदम चाल्नै पर्छ । कतिपय परिवारमा नजानेर वा थाहा नै नपाई दुर्व्यवहार भैरहेको हुन सक्छ, त्यस्तो परिवारमा सामान्य छलफलले पनि दुर्व्यवहार रोक्न ठूलो मद्दत गर्छ ।

## ७. घुम्ती स्वास्थ्य शिविरमा बालसंरक्षण सम्बन्धी सचेतना जगाउन  के के गर्न सकिन्छ ?

अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापन केन्द्रले समुदायमा गर्ने घुम्ती स्वास्थ्य शिविरहरु बालसंरक्षण प्रति चेतना जगाउने महत्वपूर्ण थलो र अवसरहरु हुन् । त्यसैले,घुम्ती स्वास्थ्य शिविरमा बालसंरक्षणसम्बन्धी चेतना जगाउन निम्नानुसार कार्यहरु गर्न सकिन्छ । ठाउँ र परिस्थिति हेरेर तपाईं आफुले केहि परिवर्तन गर्न सक्नुहुनेछ ।

१. शिविर स्थलमा आएका मानिसहरुले देख्ने र पढ्ने सजिलो हुने स्थानमा बालसंरक्षणसम्बन्धी विभिन्न पोष्टहरु टाँस्ने । सहभागीहरुलाई ती पोस्टर हेर्न र बुझ्न बेला बेलामा अनुरोध गर्ने ।


२. शिविरमा नाम दर्ता गर्ने ठाउँमा बालसंरक्षणसम्बन्धी हाते पुस्तिका राख्ने र हरेक व्यक्तिलाई नाम दर्ता गरेर पुर्जी दिने बेलामा उक्त हाते पुस्तिका पनि दिने ा हाते पुस्तिका आफुले पढ्न र पढिसकेपछि गाउँका अरुलाई पढ्न दिने भनेर सल्लाह दिने ।

३. नाम दर्ता गरिसकेपछि चिकित्सकलाई देखाउनु अगावै वा चिकित्सकलाई कुर्ने समयमा बिरामीका आफन्तहरुलाई भेला गरेर बाल दुर्व्यवहार , यसको परिणाम, रोकथाम लगायातका बालसंरक्षणका विभिन्न पक्षमा छलफल गर्ने । कोठा र बिजुली तथा अन्य आवश्यक सामग्रीहरुको प्रबन्ध भए बालसंरक्षणसम्बन्धी चेतना अभिबृद्धी गर्ने श्रव्यदृश्य सामग्री देखाउन ।

४. चिकित्सकले अपाङ्गता भएका बालबालिकाको जाँच गरिसकेपछि उपचारको सल्लाह दिने बेलामा दुर्व्यवहार गर्न नहुने र बालबालिकालाई माया ममता र सिक्न सहजीकरण गर्ने सल्लाह सुझाब दिने ।

५. औषधि वा उपचार दिने ठाउँमा बालसंरक्षणसम्बन्धी बिषयहरूमा पनि छोटो छलफल गर्ने र हाते पुस्तिका आफुले पढ्ने, लेखपढ गर्न नसक्ने भए घरका अरू परिवारहरूलाई पढ्न लगाएर सिक्ने आदि बिषयहरूमा छलफल गर्ने ।

शिविरमा विरामीहरुको प्रवेश र बाहिर जाने व्यवस्था निम्नानुसार मिलाउने ।




**शल्यक्रिया शिविर**

